अङ्क 5

अभिवादन छ DeKalb County School District,

हामी विद्यालय फर्किने 2020 को योजनाको अन्तिम काउन्टडाउनना छौं। हामीले विद्यालयहरू भर्चुअल रूपमा सुरु गर्ने र उत्कृष्ट शैक्षिक वर्षको योजना बनाइरहेका छौं। यस क्रममा, डिस्ट्रिक्टभरि नै बढ्दो उत्सुकता छाएको छ।

हाम्रो डिस्ट्रिक्ट DeKalb का परिवारहरूको #1 रोजाइ बन्नेछ र हाम्रो डिस्ट्रिक्टले सबै विद्यार्थीहरूलाई उनीहरूले रुचाएको भविष्यको मार्ग तर्फ डोर्याउँछ भनेर सुनिश्चित गर्ने कुरामा DeKalb County School District को रणनीतिक योजनाले रोड म्यापको काम गर्छ। हाम्रो रणनीतिक लक्ष्यहरू निम्नअनुसार छन्:

विद्यार्थीहरूको समानता र पहुँच सहितको सफलता
सरोकारवालाको संलग्नता र सञ्चार
कर्मचारीको प्रभावकारिता
संस्कृति र वातावरण
संगठनात्मक उत्कृष्टता
सुविधाहरू
यो साप्ताहिक पत्रमा म हाम्रा लक्षित क्षेत्रका सम्बन्धमा भएका धेरै प्रगति र मेरो सुरुका 100 दिनका क्रियाकलापहरूको बारेमा जानकारी गराउन चाहन्छु। रणनीतिक योजनाको बारेमा थप जानकारीका लागि, https://www.dekalbschoolsga.org/superintendent/strategic-plan/ मा हेर्नुहोस्।

कर्मचारीको प्रभावकारिता (रणनीतिक योजनाको लक्ष्य III)

यो हप्ता, उपकरण वितरण देखि व्यवसायिक विकासका अवसरहरू प्रदान गर्ने सम्बन्धमा हामी सही बाटोमा छौं भनेर सुनिश्चित गर्नका लागि म हाम्रा डिस्ट्रिक्टका लिडरहरूसँग जोडिने अवसर प्राप्त गरे। हामीले 2020 को अगस्त 5-7 सम्म भर्चुअल व्यवसायिक विकास संस्थान सञ्चालन गर्यौं। विद्यार्थीहरूले शिक्षा र आफ्नो उच्च क्षमतामा पुग्ने कुरामा सहभागी भएको र सहायता प्राप्त गरेको महसुस गरून् भन्नका लागि संस्थानले विद्यालयमा आधारित हाम्रा कर्मचारीहरूलाई अनलाइन अध्यापन र शिक्षाका प्रभावकारी अभ्यासहरू प्रदान गर्यो। शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूलाई कडा मेहनतको लागि धन्यवाद छ।

सञ्चार, सहकार्य, र समन्वय सुपरिन्टेन्डेन्टको साप्ताहिक क्याबिनेट बैठकबाट निस्केका मुख्य विषयवस्तु हुन्। विद्यालय फर्किने योजनाका अतिरिक्त, हामी विपत्ति र परिवर्तनमा नेतृत्व गर्नु भनेको के हो भन्ने बारेमा छलफल गर्न समय खर्चिरहेका छौं। हामीले अध्ययन गरेका केही सामाग्रीहरू तल प्रदान गरिएका छन्:

Elle Allison को Resilient Leader (कुशल नेतृत्वकर्ता) – Educational Leadership (शैक्षिक नेतृत्व)

www.ascd.org/publications/educational-leadership/dec11/vol69/num04/The-Resilient-Leader.aspx

Peter Zsebik को First and Second Order Change in Education and Its Implications for Future Directions
(शिक्षामा पहिलो र दोस्रो क्रमको परिवर्तन र भविष्यमा यसले पार्ने प्रभाव)

http://www.questconference.ca/wp-content/uploads/2018/05/2009ZsebikArticle.pdf

John Taylor को Leading Through Crisis (विपत्तिको नेतृत्व) – 8 Tips for Navigating Turbulent Times
(अप्ठ्यारो समयमा कसरी सम्हालिने भन्ने 8 सुझावहरू)

https://www.randstadrisesmart.com/blog/leading-through-crisis-8-tips-navigating-turbulent-times

समता र पहुँच सहितको विद्यार्थी सफलता (रणनीतिक लक्ष्य I) र
सरोकारवालाको संलग्नता तथा सञ्चार (रणनीतिक योजनाको लक्ष्य II)

म DeKalb County तथा Metro Atlanta का समुदायका असल र समर्पित सदस्यहरूबाट निकै नि प्रभावित भएको छु। DCSD लाई थाहा छ कि हामी एक्लैले हाम्रा विद्यार्थी, परिवार, तथा समुदायका जटिल आवश्यकताहरू पूरा गर्न सक्दैनौं। त्यसैले विद्यार्थी सफलता बढाउनका निम्ति हामीले हाम्रा परिवार तथा समुदायका अगुवाहरूसँग सहकार्य गर्नु पर्छ। हामी डिजिटल पहुँचको अन्तर हटाउन प्रयत्नशील छौं। यस क्रममा, अहिलेको जस्तो चुनौतीपुर्ण समयमा यो कुरा झन् साँचो प्रमाणित हुन्छ।

हाम्रो डिस्ट्रिक्टमा 178 वटा भाषा बोलिन्छ र हाम्रो डिस्ट्रिक्ट विविधताको हिसाबमा एकदम धेरै सुन्दर छ। हामी हाम्रो विविधतालाई सम्मान गर्ने र हाम्रा समुदायहरूका खास आवश्यकताहरू पहिचान गर्ने अतिरिक्त तरिकाहरू पत्ता लगाउन खोजिरहेका छौं। यो हप्ता म किन्डरगार्टन देखि ग्रेड 12 का अङ्ग्रेजी भाषाका विद्यार्थीहरूसँग सम्बन्धित छलफलमा सहभागी भए। अभिभावक, शिक्षक, सामुदायिक अगुवाहरू, र समर्थकको यो समूहले ELL र नयाँ प्रवासी विद्यार्थी तथा परिवारहरूलाई कसरी प्रभावकारी रूपमा सहयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा महत्त्वपूर्ण प्रतिक्रिया तथा सुझाव प्रदान गर्यो। मसँग भेट गर्न र परिवारसँगको सञ्चार, खाद्यान्न वितरण, र विद्यार्थीको लागि उपयुक्त इन्टरनेट सुविधा कसरी सुधार गर्न सकिन्छ भन्ने सम्बन्धमा आफ्ना विचारहरू आदान-प्रदान गर्न समय निकालेको यो समूहलाई फेरि पनि म एक पटक धन्यवाद दिन चाहन्छु।

म DeKalb County को विद्यालय फर्किने योजना सम्बन्धी टाउन हल बैठकमा पनि उपस्थित भएको थियो। उक्त बैठक कमिसनर Lorraine Cochran-Johnson ले आयोजना गर्नु भएको थियो। यो कार्यक्रम उत्कृष्ट भएको थियो र म डिस्ट्रिक्ट र मेट्रो Atlanta भरीका अन्य व्यक्तिहरूसँग हात मिलाउन पाउँदा हृदयबाट नै आभारी छु। उनीहरू पनि विद्यार्थीहरूका लागि विजेता हुन्। उपस्थित भएका सबै व्यक्तिहरू, मैले तपाईंको प्रश्न वा सरोकारको विषय सुनेको छु र म चाँडै नै प्रतिक्रिया दिनेछु। हामी एक भयौं नतिजा राम्रो निस्किन्छ र हामी सामूहिक रूपमा DeKalb लाई एकताबद्ध गरेर यो विश्वव्यापी महामारीबाट शक्तिशाली भएर अगाडि बढ्नेछौं।

हाम्रा युवाहरूलाई शिक्षित बनाउने र अर्को पुस्ताका अगुवा तथा नागरिकहरू तयार गर्ने हाम्रो प्रतिबद्धताको बारेमा छलफल गर्न मैले Learn4Life (L4L), Metro Atlanta Regional Education Partnership सँग भेटघाट गरे। यो संस्था स्कूल डिस्ट्रिक्ट, समुदाय, व्यवसाय, गैरनाफामूलक संस्थाहरूले बनेको छ र सबै विद्यार्थीले आफ्नो क्षमतासम्म पुग्ने अवसर प्राप्त गर्नु पर्दछ भन्ने साझा विश्वासबाट निर्देशित भएको छ।

संगठनात्मक उत्कृष्टता (लक्ष्यको क्षेत्र V)

बिहिबारका दिन, मैले मानव श्रोत विभागकी अन्तरिम प्रमुख सुश्री Linda Woodard सँग मानव श्रोत विभागको भ्रमण गर्ने अवसर प्राप्त गरे। हामी सबैलाई थाहा छँदैछ, मानव श्रोत विभागले उच्च योग्यता भएका कर्मचारीहरू भर्ती गर्ने र उत्कृष्ट प्रतिभालाई निखार्ने र राखी रहने काम गर्छ। हामीले बुझेका छौं कि हाम्रो स्कूल डिस्ट्रिक्टको सफलता हाम्रो मानव श्रोत विभागबाट सुरु हुन्छ। सफलता प्राप्त गर्ने गरी सङ्गठनको सरंचरना बनोस् भनेर सुनिश्चित गर्नका निम्ति म हाम्रो सङ्गठनसम्बन्धी चार्टलाई नजिकबाट नियाली रहेको छु।

विद्यार्थी तथा कर्मचारीको स्वास्थ्य तथा सुरक्षा हाम्रो टोलीको मुख्य प्राथमिकता भएकाले कोभिड-19 ले हाम्रा विद्यार्थी खेलाडी र डिस्ट्रिक्टको खेलकुदमा पारेको प्रभावका बढ्दा समस्याहरू सम्बोधन गर्न हामीले खेलकुदसम्बन्धी एउटा अनलाइन बैठक आयोजना गरेका थियौँ। मेरो टोली तथा डा. Sandra Ford लाई सहभागिताको लागि धन्यवाद। तपाईंले यो बैठक हेर्न छुटाउनुभयो भने, तपाईंले DeKalb Schools TV को भिडियो अन डिमान्डमा यो बैठक हेर्न सक्नुहुन्छ: https://view.earthchannel.com/PlayerController.aspx?&PGD=dekalbschga&eID=781.

अझै एक हप्ता बाँकी रहेको यो अवस्थामा, म तपाईंलाई उत्कृष्ट शैक्षिक वर्षको लागि मानसिक रूपमा तयार भइदिन अनुरोध गर्छु। हामी यो चुनौतीपुर्ण समयको बीचमा छौं। यस क्रममा, सकारात्मक सोच्नुहोस्, प्रोत्साहित गर्ने कुरा बोल्नुहोस्, र म पनि तपाईंसँग मेहनत गरेर काम गरिरहेको छु भन्ने कुरा मनन गर्नुहोस्। मलाई हाईटियनको एउटा उखान मन पर्छ, "धेरै हातहरू हुँदा, वजनको तौल कम हुन्छ।" उत्कृष्ट साथ सप्ताहन्त बिताउनुहोस्!

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris, सुपरिन्टेन्डेन्ट